NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

# धन्यवाद ज्ञापन !

**भाद्र १५, २०८२**

**एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किम (ELIS) मा माग गरिएको इकाई भन्दा १.४८ गुणा भन्दा बढी इकाई खरिदको लागि आवेदन प्राप्त । (Over Subscribed By 1.48 Times+)**

एन आई सी एशिया क्यापिटल लिमिटेड निष्काशन तथा बिक्री प्रबन्धक र योजना व्यवस्थापक रही एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किम (NIC ASIA Equity Linked Investment Scheme) को पहिलो चरणमा बीज पूँजी सहित रु.१० अंकित दरका ५,००,००,००० (पाँच करोड) इकाई मिति २०८२/०४/२९ गतेदेखि मिति २०८२/०५/१२ गतेसम्म सार्वजनिक रुपमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा उक्त समयमा बीज पूँजी सहित जम्मा ८२,८२८ जना आवेदकहरुबाट जम्मा रु.७,४०३,१६,००० बराबरको इकाई खरिदको लागि अन्तिम आवेदन प्राप्त भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । जुन पहिलो चरणमा माग गरिएको इकाई भन्दा १.४८ गुणा भन्दा बढी रहेको छ ।

एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किम एन आई सी एशिया क्यापिटलबाट संचालित दोश्रो खुलामुखी योजना हो । उक्त योजनाको पहिलो चरणमा रु.१० अंकित दरका ५ करोड इकाई अर्थात रु.५० करोड बराबरको इकाई खरिदको लागि दरखास्त आह्वान गरिएको भएतापनि नेपाल धितोपत्र बोर्डबाट उक्त योजनाको आकार बीज पूँजी सहित रु.१ अर्व बराबरको १० करोड इकाई बिक्री गर्नका लागि स्वीकृत प्राप्त भएको तथा उक्त योजनाको स्वीकृत विवरण पत्रमा समेत अधिकतम सकारिने इकाई बीज पूँजी सहित १० करोड इकाई अर्थात रु. १ अर्व सम्म पुऱ्याउन सकिने व्यवस्था रहे बमोजिम एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किमको इकाई खरिदका लागि सार्वजनिक निष्काशनको समयमा रितपुर्वक आवेदन दिनुहुने सम्पूर्ण आवेदकहरुलाई माग गरे बमोजिम इकाई बाँडफाँड गरिने व्यहोरा समेत सहर्ष जानकारी गराउदछौं ।

साथै एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किममा लगानी गर्नुहुने सम्पूर्ण लगानीकर्ता, निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु तथा नियमनकारी निकाय लगायत सम्बन्धित सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछौं ।

Ramendra

NIC ASIA CAPITAL

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य